# भाग २

श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट जारी गरिबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०५३ सालको ऐन नं. १५

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

### सर्वोच्च अदालतका न्यायाधीशहरुको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी ऐन, २०२६ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना : सर्वोच्च अदालतका न्यायाधीशहरुको पारिश्रमिक,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सेवाको शर्त र सुविधा सम्बन्धी ऐन, २०२६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको पच्चीसौं वर्षमा संसदले यो ऐन बनाएकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "सर्वोच्च अदालतका न्यायाधीशहरुको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी (तेस्रो संशोधन) ऐन, २०५३" रहेकोछ ।

(२) यो ऐनको दफा २ विक्रम सम्वत् २०५२ साल श्रावण १ गतेदेखि प्रारम्भ भएको मानिनेछ र अन्य दफाहरु तुरुन्त प्रारम्भ हुनेछन् ।

२. सर्वोच्च अदालतका न्यायाधीशहरुको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी ऐन, २०२६ को दफा ३ मा संशोधन : सर्वोच्च अदालतका न्यायाधीशहरुको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी ऐन, २०२६ (यसपछि "मूल ऐन" भनिएको) को दफा ३ को उपदफा (१) मा रहेका "आठ हजार सात सय रुपैयाँ" र "छ हजार सात सय रुपैयाँ" भन्ने शब्दहरुको सट्टा क्रमश: "नौ हजार रुपैयाँ" र "सात हजार रुपैयाँ" भन्ने शब्दहरु राखिएकाछन् ।

३. मूल ऐनको दफा ४ मा संशोधन : मूल ऐनको दफा ४ को उपदफा (१) मा रहेका "चार हजार रुपैयाँ र तीन हजार पाँच सय रुपैयाँ" भन्ने शब्दहरुको सट्टा "छ हजार रुपैयाँ र चार हजार पाँच सय रुपैयाँ" भन्ने शब्दहरु राखिएकाछन् ।

४. मूल ऐनको दफा ४क. मा संशोधन : मूल ऐनको दफा ४क. को उपदफा (२) मा रहेका "आठ सय रुपैयाँ" भन्ने शब्दहरुको सट्टा "एक हजार दुई सय रुपैयाँ" भन्ने शब्दहरु राखिएकाछन् ।

९८३



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. मल ऐनको दफा ४ख. मा संशोधन : मूल ऐनको दफा ४ख को उपदफा (२) र (३) मा रहेका "एक सय लिटर" भन्ने शब्दहरुको सट्टा "एक सय पचास लिटर" भन्ने शब्दहरु राखिएकाछन् ।

६. मल ऐनको दफा ५ मा संशोधन : मूल ऐनको दफा ५ को,-

(१) उपदफा (१) को खण्ड (क) को उपखण्ड (२) मा रहेका "रु. १६०।-" भन्ने शब्दहरुको सट्टा "रु. १६५।-" भन्ने शब्दहरु राखिएकाछन् ।

(२) उपदफा (२) को खण्ड (क) मा रहेका "अमेरिकी डलर १००" र "अमेरिकी डलर १२५" भन्ने शब्दहरुको सट्टा क्रमशः "अमेरिकी डलर १२५" र "अमेरिकी डलर १५०" भन्ने शब्दहरु राखिएकाछन् ।

७. मल ऐनको दफा ५ख. मा संशोधन : मूल ऐनको दफा ५ख. को,-

(१) उपदफा (१) मा रहेका "क्रमशः रु. २४,३००।- र रु. १९,०००।-" भन्ने शब्दहरुको सट्टा "निजको वार्षिक पारिश्रमिक रकमको एक तिहाई रकम" भन्ने शब्दहरु राखिएकाछन् ।

(२) उपदफा (२) मा रहेका "क्रमशः रु. १८,२००।- र रु. १४,२५०।-" भन्ने शब्दहरुको सट्टा "निजको वार्षिक पारिश्रमिक रकमको पच्चीस प्रतिशत" भन्ने शब्दहरु राखिएकाछन् ।

८. मल ऐनको दफा ५ग. मा संशोधन : मूल ऐनको दफा ५ग. को,-

(१) उपदफा (१) मा रहेका "रु. ४,८००।-" भन्ने

८८७



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

शब्दहरुको सट्टा "रु. ४,९००।-" भन्ने शब्दहरु राखिएकाछन् ।

(२) उपदफा (२) मा रहेका "क्रमशः रु. ३,०५०।- र रु. २,४००।-" भन्ने शब्दहरुको सट्टा "आफ्नो एक महिनाको पारिश्रमिकको आधा रकम" भन्ने शब्दहरु राखिएकाछन् ।

९. <u>मूल ऐनको दफा ५ङ. मा संशोधन</u> : मूल ऐनको दफा ५ङ. को उपदफा (१) र (२) को सट्टा देहायका उपदफा (१) र (२) राखिएकाछन् :-

"(१) प्रधान न्यायाधीशले आफ्नो कार्यकालभरका लागि निजी सचिवालयको निमित्त देहायका कर्मचारीहरु नियुक्ति गर्न पाउनेछः-

(क) स्वकीय सचिव (रा.प.द्वितीय) - १

(ख) स्वकीय सचिव (रा.प.तृतीय) - १

(ग) कम्प्युटर अप्रेटर (रा.प.अ.प्र.) ना.सु. - १

(घ) ड्राइभर (रा.प.अ. द्वितीय) - २

(ङ) पियन - २

(२) प्रधान न्यायाधीशलाई निजको कार्यकालभरका लागि निजी सचिवालयको लागि आवश्यक फर्निचर र देहायका मालसामान उपलब्ध गराइनेछ :-

(क) लेजर प्रिन्टर सहितको कम्प्युटर - १ थान

(ख) साइकल - २ थान"

६८५



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०. मूल ऐनको दफा ५छ. मा संशोधन : मूल ऐनको दफा ५छ. को सट्टा देहायको दफा ५छ राखिएकोछ :-

"५छ. भइपरी आउने खर्च : (१) प्रधान न्यायाधीश वा न्यायाधीशले आफ्नो ओहदा सम्बन्धी काममा नेपाल अधिराज्यभित्र भ्रमण गर्दा खर्चको बिल भरपाई बुझाउन नपर्ने गरी वर्षको बढीमा दुई पटकसम्म प्रत्येक पटकको निमित्त एक हजार रुपैयाँ भइपरी आउने खर्च पाउनेछ ।

(२) प्रधान न्यायाधीश वा न्यायाधीशले अन्तर्राष्ट्रिय सम्मेलन, सेमिनार आदिमा भाग लिन नेपाल अधिराज्यबाहिर जाँदा खर्चको बिल भरपाई बुझाउन पर्ने गरी श्री ५ को सरकारले निर्णय गरे बमोजिमको रकम भइपरी आउने खर्च पाउनेछ ।"

लालमोहर सदर मिति:- २०५३।९।३४

आज्ञाले,

**सुरेशमान श्रेष्ठ**

श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाण्डौमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।